नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

## प्रेस विज्ञप्ति

आज मिति २०७८/०४/१७ गते यही साउन १५ गते विहान खांडदाङ माल वस्ने जयसिंह धामी सहितका व्यक्तिहरू दार्चुला जिल्ला व्यास गा.पा. वडा नं. २ मालघाट र भारतको गस्कुबाट तुइनको प्रयोग गरी भारत तर्फको वाटो हुदैं सदरमुकाम खलंगा आउने क्रममा तुइन तरिरहेका व्यास गा.पा. वार्ड नं. २ माल बस्ने वर्ष ३३ का जयसिंह धामी तुइनको तारसंगै महाकाली नदीमा वगी वेपत्ता भएको घटना सम्बन्धमा स्थलगत रुपमा छानविन गरी सत्य तथ्य सहित १० दिन भित्र प्रतिवेदन पेश गर्न माननीय गृहमन्त्री स्तरको निर्णयबाट गृह मन्त्रालयका सहसचिव श्री जनार्दन गौतमको संयोजकत्वमा नेपाल प्रहरीका प्रहरी नायव महानिरीक्षक श्री पुरुषोत्तम कंडेल, राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक श्री हुतराज थापा, सशस्त्र प्रहरी बल नेपालका सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक श्री सुरेश कुमार श्रेष्ठ र जिल्ला प्रशासन कार्यालय, दार्चुलाका सहायक प्रमुख जिल्ला अधिकारी श्री ज्योत्सना भट्ट समेत पाँच सदस्यीय छानविन समिति गठन गरिएको छ ।

आजै माननीय गृहमन्त्री बालकृष्ण खाणको कार्यकक्षमा स्वास्थ्य तथा जनसंख्या राज्य मन्त्री, श्रीमान गृहसचिव, तीनैवटा सुरक्षा निकायका प्रमुखहरूको उपस्थितिमा बैठक बसी कोभिड-१९ को खोप व्यवस्थापन तथा नयाँ भेरियन्ट सहितको कोभिड-१९ को तेश्रो लहरको सम्भावनालाई दृष्टिगत गरी संक्रमण रोकथाम नियन्त्रण र उपचार व्यवस्थाको लागि तयारी अवस्थामा रहन स्वास्थ्य संस्थाहरूको सुदृढीकरण गर्न तथा स्वास्थ्य मापदण्डको पूर्ण पालना गराउन र सेवाप्रदायक निकायहरूमा सेवाग्राहीलाई स्वास्थ्य मापदण्डको पालना गरेर मात्र कार्यालयमा प्रवेश गराउने व्यवस्था गर्ने विषयमा छलफल भएको छ ।

आजै अपरान्ह माननीय गृहमन्त्री, गृहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव, खानेपानी मन्त्रालयका सचिव, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख, मेलम्ची खानेपानी आयोजनाका प्रमुख एवं स्थानीय पूर्वाधार विकास कार्यक्रमका प्रमुखसहितको उपस्थितिमा हालसालै मनसुनजन्य विपद्बाट प्रभावित सिन्धुपाल्चोक, मनाङ, गोरखालगायतका जिल्लामा भएका भौतिक क्षतिका विषयमा छलफल भई मेलम्ची क्षेत्रका अवरुद्ध सडक मार्ग भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले यथाशीघ्र सुचारु गर्ने, सडक विभागले प्रभावित जिल्लामा क्षति भएका पुलपुलेसाहरूको विकल्पमा तत्काल बेलीब्रिज जडान गर्ने व्यवस्था मिलाउने, सिन्धुपाल्चोकको मेलम्ची क्षेत्रमा राष्ट्रिय विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण प्राधिकरणले विज्ञ टोली खटाई प्राविधिक प्रतिवेदन सहित आवश्यक कार्य अगाडि बढाउने सम्बन्धमा छलफल भई विज्ञसहितको टोली आजै प्रभावित क्षेत्रतर्फ प्रस्थान गरिसकेको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

मितिः २०७८/०४/१७

७८।४।१६

फणिन्द्रमणि पोखरेल
सहसचिव/प्रवक्ता